# सहमतीय सरकार र चुनाव दुवै अन्यौलमा

भुवन केसी/तिलक पाठक

प्रकाशित मिति:२०६९ पुस १६

राष्ट्रपति रामवरण यादवले सहमति कायम गरी बैशाखमा संविधानसभा निर्वाचनको वातावरण तयार पार्न बारम्बार दबाब दिएपनि राजनीतिक दलहरुबीच सहमति भएन । मूलत : सत्तारुढ दलहरुको संघीय लोकतान्त्रिक गणतान्त्रिक गठबन्धन प्रधानमन्त्री बाबुराम भट्टराईको विकल्पको विपक्षमा रह्यो भने विपक्षी दलहरूको गठबन्धन भट्टराई सरकारको बर्हिगमन र नेपाली काँग्रेसका सभापति सुशील कोइराला प्रधानमन्त्री हुनुपर्ने पक्षमा रह्यो । एकीकृत माओवादी नेतृत्वको भूमिका भने ढुलमुले देखियो ।

राष्ट्रपति यादवले प्रधानमन्त्रीको नाम प्रस्ताव गर्न दलहरुलाई पटक-पटक समय दिँदा पनि प्रगति भएन । उनले बारम्बार गरेका आग्रहलाई दलहरुले लत्याइदिए । एकपछि अर्को सयम थप्दा विभिन्न दलहरूबाट नयाँ-नयाँ निर्णय, प्रस्ताव र शर्तहरु आए । सहमतिका लागि वातावरण बन्दै गएको बताइएपनि सरकारको नेतृत्व विवाद सल्टिन सकेन । बरू, यही कारण दलहरुबीचको दुरी बढ्दै गयो । यसले गर्दा बैशाखमा संविधानसभा निर्वाचन हुने सम्भावना टर्‍यो भने संविधानसभा पुनर्स्थापनाको मुद्दा पुनःबहसमा आयो । दलहरूवीच सहमति हुन नसक्दा बैशाखमा गर्ने भनिएको संविधानसभाको निर्वाचनको वातावरण पनि टरेर गयो । साथै मुलुकको राजनीतिक दिशा समेत प्रष्ट हुन सकेको छैन ।

## विवाद नेतृत्वको

राष्ट्रिय सहमतिको सरकार गठन गरी संविधानसभाको निर्वाचन गर्नेमा दलहरु एक मत थिए । राष्ट्रपति यादवले समेत त्यसैका लागि पहल गरेका थिए । तर, मुख्य विवाद कसको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन गर्ने भन्नेमा रह्यो । सत्ता पक्षले भट्राईको नेतृत्वमा नै काँग्रेस, एमाले लगायतका दलहरुलाई समावेश गरी राष्ट्रिय सहमतिको सरकार गठन गर्नुपर्ने र प्रतिपक्षी दलहरूले भने नेपाली काँग्रेसको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन हुनुपर्ने आ-आफनै अडान छाडेनन् । राष्ट्रपति यादव चाहिं सबै दलको सहमतिको आधारमा संविधानको धारा ३८(१) अनुसार सहमतीय सरकार गठन गरी निर्वाचनमा जान चाहन्थे ।

एकीकृत नेकपा माओवादी, काँग्रेस र एमालेबीचको वार्तामा काँग्रेस र एमालेले नयाँ सरकार गठन गरी संविधानसभाको निर्वाचनमा जाने प्रस्ताव गरे । माओवादीले भट्टराई नेतृत्वको सरकारमा नै आउन आग्रह गर्‍यो । माओवादीको प्रस्तावलाई काँग्रेस र एमालेले अस्वीकार गरे । एमाले उपाध्यक्ष बामदेव गौतमको भनाइ थियो-‘हामीले पहिले सहमतिमा सरकार बनाऔ, त्यसपछि मात्र अरु विषयमा सहमति गरौ भनेका छौ ।’[1] प्रधानमन्त्री भट्टराईले काँग्रेस सभापति कोइरालासँगको भेटमा बैशाखभित्र संविधानसभा निर्वाचन गर्ने गरी सहमति जुटाएर प्रधानमन्त्री बन्न आग्रह गरे । त्यसपछि कोइरालाले दलहरुबीच सहमति हुनासाथ भट्टराई राजीनामा दिन तयार रहेको बताए । उनले भने-‘बाबुरामजीले ‘राजीनामा बोकेर हिडेको छु । दलहरुवीच जहिले सहमति हुन्छ, त्यसैबेला पद छाडछु’ भनेका छन् ।’[2]

[1] संवैधानिक जटिलता फुकाउन माओवादी प्रस्ताव । नागरिक दैनिक, पृष्ठ २ । मंसिर १९, २०६९ ।

[2] भट्टराई नेतृत्वको सरकारमा काँग्रेस सहभागी हुँदैन : कोइराला । राजधानी दैनिक, पृष्ठ ३ । मंसिर १९, २०६९ ।

तर, एकीकृत माओवादीका अध्यक्ष दाहालले भने कोइरालासमक्ष वर्तमान सरकारलाई नै राष्ट्रिय सहमतिको स्वरुप दिन र रोजेर मन्त्रालयहरु लिन आग्रह गरे । जसलाई कोइरालाले ठाडै अस्वीकार गरे । उनको भनाइ थियो,'माओवादीको नेतृत्वमा काँग्रेस सरकारमा कदापी जान्न ।'[3] मंसिर १८ गते बसेको काँग्रेस पदाधिकारी बैठकले काँग्रेसको नेतृत्वमा नै राष्ट्रिय सहमतिको सरकार गठन हुनुपर्ने निर्णय गऱ्यो । त्यसका लागि काँग्रेसको तर्क थियो, बाह्र बुँदे समभ्रुदारीदेखि अहिलेसम्म महत्वपूर्ण क्षणमा काँग्रेसले नेतृत्व गरेकाले अब पनि काँग्रेसकै नेतृत्व हुनुपर्छ ।

राष्ट्रिय सहमतिको सरकार गठनका लागि राष्ट्रपतिले दोस्रो पटक दिएको समय बाँकी हुँदा एकीकृत माओवादी, काँग्रेस र एमालेले छलफललाई अघि बढाए । तीन दलको बैठकमा माओवादीले काँग्रेस र एमालेलाई प्रधानमन्त्रीको उम्मेदवार प्रस्ताव गर्न आग्रह गऱ्यो । तर पनि उसले आफ्नो पहिलो प्राथमिकता वर्तमान सरकारलाई नै राष्ट्रिय सहमतिको स्वरुप दिने थियो । 'माओवादीले पहिलो विकल्प वर्तमान सरकारकै नेतृत्वमा सहमतिको सरकार, दोस्रो विकल्प माओवादीको अरु नेताको नेतृत्वमा सरकार, तेस्रो विकल्प अरु दलको नेतृत्वमा सहमतिको सरकार र चौथो विकल्पका रुपमा संघीयता, संविधान निर्माण र संविधानसभा गराउन सक्ने व्यक्तिको नेतृत्वमा सहमतिको सरकार प्रस्ताव गरेको छ ।'[4] त्यसपछि मंसिर २० गते काँग्रेस पदाधिकारी र केन्द्रीय कार्य समितिको बैठकले पार्टी सभापति सुशील कोइरालालाई प्रधानमन्त्रीका रुपमा अघि सार्ने निर्णय गऱ्यो । 'सुशील कोइरालाको नाममा सर्वसम्मत गरेर हामीले पार्टीभित्र आफूहरुबीच एकता भएको पुष्टि गरेका छौ-'उपसभापति रामचन्द्र पौडेलको भनाइ थियो ।[5]

सोही दिन बसेको प्रमुख तीन दलको बैठकमा माओवादीले कोइरालालाई स्वीकार गर्नको लागि पाँचवटा शर्त अघि साऱ्यो । जसमा संविधानका अन्तरवस्तु, संविधान संशोधन प्रक्रिया, निर्वाचनको मिति, संवैधानिक निकाय पदपूर्तिमा सहमति हुनुपर्ने र त्यसपछि मात्र काँग्रेसको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन गर्न सकिने थिए । यसमा मधेशी मोर्चाको पनि सहमति थियो । 'माओवादी, मधेशी मोर्चाले राज्यको शासकीय स्वरुप, संघीयताका साथै नयाँ चुनावका लागि ऐन कानूनको व्यवधान हटाएर प्याकेजमा सहमति गर्ने प्रस्ताव गरेका थिए ।'[6]

माओवादीले एकपछि अर्को शर्त थप्नेवित्तिकै काँग्रेस र एमालेले आपत्ति जनाए । नयाँ शर्त राख्नु बैशाखमा संविधानसभा निर्वाचन नगराउने षडयन्त्र भएको निष्कर्ष पनि कांग्रेस र एमालेको रह्यो । माओवादी नेताले भने दलहरुबीच सबै विषयमा सहमतिको आधार तयार नभएसम्म काँग्रेसलाई सत्ता सुम्पन्न नसकिने जिकिर गरे । काँग्रेस उपसभापति पौडेलको भनाइ थियो-'संविधान जारी गरेर संसदको निर्वाचनमा जान सकिन्छ कि भनेर यत्रो महिना कोशिस गऱ्यौ । तर, उहाँहरु (माओवादी र मोर्चा) फेरि पुरानै कुरामा फर्किनुभएकाले सत्ता लम्बाउने चालबाजी हो कि भनेर गम्भीर आशंका गर्दै हामी निस्क्यौ ।'[7]

---

[3] कान्तिपुर टेलिभिजन । मंसिर १८, २०६९ ।

[4] गोविन्द परियार । सत्ताको तराजु भट्टराईको विपक्षमा । नागरिक दैनिक, पृष्ठ, १ । मंसिर २०, २०६९ ।

[5] कान्तिपुर टेलिभिजन । मंसिर २१, २०६९ ।

[6] गोविन्द परियार । दलहरु अभै बार्गिनिङमा । नागरिक दैनिक, पृष्ठ १ । मंसिर २१, २०६९ ।

[7] संविधानमा सहमतिपछि मात्र काँग्रेस नेतृत्व । राजधानी दैनिक, पेष्ठ १ । मंसिर २१, २०६९ ।

त्यस भन्दा अघि बसेको माओवादी पदाधिकारी बैठकले छिट्टै प्याकेजमा सहमति हुनुपर्ने, केही दिनमा सहमति हुन नसके बैशाखमा निर्वाचन गराउन नसकिने र संक्रमणकाल अझ लम्बिन सक्ने निष्कर्ष निकालेको थियो ।[8] प्रधानमन्त्रीको नाम माग्ने तर सहमति नगरेपछि एमालेले माओवादी र मोर्चाको कटाक्ष गर्दै यसलाई राजनीतिक बेइमानी र सहमति विरोधी भएको ठहर गऱ्यो ।'[9] दलहरुबीच छलफल हुँदा माओवादी र मोर्चाले संविधानका विवादित मुद्दामा सहमति हुनुपर्नेमा जोड दिए भने काँग्रेस र एमाललले सत्ता परिवर्तनमा । सत्तारुढ दलको गठबन्धन प्याकेजमा नै सहमति हुनुपर्ने पक्षमा उभियो । मंसिर २१ गतेको गठबन्धनको बैठकले 'संविधानका विवादित विषयमा सहमतिको कार्यान्वयन, नयाँ निर्वाचनको मिति, संवैधानिक निकायमा पदपूर्ति लगायतमा सहमति हुनुपर्ने अडान लिने निर्णय गऱ्यो । 'पहिले अरु विषयमा सहमति त्यसपछि सरकारबारे सहमति हुनुपर्छ भन्ने हाम्रो भनाइ छ-' गठबन्धनका प्रवक्ता प्रेमबहादुर सिंहले बताए । काँग्रेस महामन्त्री कृष्णप्रसाद सिटौलाले गठबन्धनको यो निर्णयपछि माओवादी सहमति नगर्ने गरी बैठकमा प्रस्तुत हुने गरेको बताए । 'केही दिन अघि लचिलो देखिएको माओवादी बुधबार र बिहिबारको बैठकमा कडा रुपमा प्रस्तुत भयो । बैशाखमा निर्वाचन भाँडने र सहमति नगराउने रणनीति उसमा देखिन्छ ।'[10]

यसरी माओवादीसहितका सत्तारुढ दलहरुले एकपछि अर्को शर्त तेर्सयाउन थालेपछि काँग्रेस सभापति कोइराला निकै नै चिडिए । उनले माओवादी लोकतन्त्रको लहर विपरित हिडेको र अन्तत त्यसले बगाउने चेतावनी दिए । कोइरालाको भनाइ थियो-'माओवादी लोकतन्त्रको लहर विपरित हिडेको छ । र, जनतासँग खेलवाड गरेको छ । यसै गरी अघि बढने हने भने लोकतन्त्रको लहरले माओवादीलाई बगाउनेछ ।'[11] काँग्रेसका अन्य नेताहरुले पनि माओवादी सत्ता कब्जा गर्न लागेको आरोप लगाए भने एमालेका नेताले पनि माओवादीको कटाक्ष गरे । यता माओवादीले भने त्यसको प्रतिवाद गऱ्यो । मंसिर २२ गते माओवादी प्रवक्ता अग्नि सापकोटाले काँग्रेस र एमालेले सत्तामा मात्र जोड दिएकाले सहमति हुन नसकेको बताए ।

दलहरुबीच छलफल चलिरहेका बेला मंसिर २३ गते बसेको सत्तारुढ दलको गठबन्धनको बैठकले ६ दिन भित्र सहमति नभए मन्त्रिपरिषद् विस्तार गर्ने चेतावनी दियो । 'गठबन्धनले सरकार परिवर्तन हुने आशामा आफूहरुले मन्त्रिपरिषद् विस्तार नगरेको तर अब धेरै लामो समय संकट रहने अवस्था आएको भन्दै विस्तार गर्ने निष्कर्ष निकालेको प्रवक्ता सिंहको भनाइ छ ।'[12] बैठकले दलहरुसँग सहमति जुटाउनका लागि माओवादी अध्यक्ष दाहाललाई जिम्मेवारी पनि दियो । माओवादी र गठबन्धनले नयाँ प्रस्ताव अघि सारेपछि काँग्रेस बिच्कियो । मंसिर २४ गते बसेको केन्द्रीय समितिको बैठकले आगामी बैशाखमा संविधानसभा निर्वाचन नगराउन र सत्ता लम्बाउने षडयन्त्रमा माओवादी र सरकार लागेको आरोप लगायो । केन्द्रीय समितिको बैठकपछि काँग्रेस प्रवक्ता दिलेन्द्रप्रसाद बडुले भने-'संविधानका अन्तरवस्तुमा पहिल्यै सहमति हुनुपर्ने माओवादी शर्त स्वीकार्य छैन । सत्तापक्षको विवादित विषयमा

---

[8] कान्तिपुर टेलिभिजन । मंसिर २०, २०६९ ।

[9] कोइरालालाई अस्वीकार गर्नु बेइमानी । गोरखापत्र दैनिक, पृष्ठ १ । मंसिर २१, २०६९ ।

[10] जहाँको त्यहीँ । नागरिक दैनिक, पृष्ठ १ । मंसिर २२, २०६९ ।

[11] कान्तिपुर टेलिभिजन । मंसिर २२, २०६९ ।

[12] सविन शर्मा । सहमति नभए विस्तार । राजधानी दैनिक, पृष्ठ १ । मंसिर २४, २०६९ ।

सहमति जुटेपछि मात्र काँग्रेसलाई नेतृत्व दिने भन्ने अडानले उनीहरु चुनाव चाहदैनन भन्ने बैठकको निष्कर्ष छ ।'[13]

एमाले पनि सत्तारुढ दल र माओवादीप्रति आक्रोशित भयो । मंसिर २४ गते बसेको एमाले स्थायी समितिको बैठकले संविधानसभाको निर्वाचनका लागि वर्तमान सरकारको नेतृत्व स्वीकार नगर्ने निर्णय गऱ्यो । अध्यक्ष झलनाथ खनालले माओवादीले सत्ता नछोडे आन्दोलनको बलमा हटाउनुको बिकल्प नभएको प्रस्ताव पेश गरेका थिए ।[14] एमालेले सहमति कायम गरी निर्वाचनमा जानुपर्नेमा जोड दियो । मंसिर २५ गते बसेको केन्द्रीय कमिटीको बैठकमा अध्यक्ष खनालले माओवादीले राजनीतिक बेइमानी गरेको र सरकार हटाउन आन्दोलनमा जानुपर्नेमा जोड दिए । कांग्रेसको नेतृत्वमा सहमति जुटन नसकेको अवस्थामा केन्द्रीय सदस्यहरुले एमालेको नेतृत्वमा सरकार गठनका लागि पहल गर्न समेत सुझाव दिए । माओवादीले सत्ता लम्बाउन प्रयास गर्ने र काँग्रेसले सहमति गर्न नसकेको एमाले नेताहरूको भनाई थियो ।

संविधानसभाको निर्वाचन गराउन नचाहेको भनी काँग्रेस र एमालेले माओवादीलाई आरोप लगाइरहेका वेला स्वतन्त्र व्यक्तिलाई प्रधानमन्त्री नियुक्त गर्न सकिने विकल्पलालाई प्रचारमा ल्याइयो । 'प्रमुख राजनीतिक दलहरु, पूर्व प्रधानमन्त्री र बहालवाला प्रधानमन्त्री सबैलाई असफल भएको सिद्ध गरी अब गैरदलिय सरकार बनाउने तयारी भएको छ ।'[15] माओवादी केन्द्रीय समितिको विस्तारित बैठकले संविधानसभाको निर्वाचन बैशाखमा गराउन सहमतिका लागि लचिलो हुने निर्णय गऱ्यो ।[16] यता दलहरुबीच सहमति नभएकोप्रति राष्ट्रपतिले चिन्ता व्यक्त गरे । तैपनि दलहरुलाई सहमति गराउने प्रयास भने जारी राखे । संवैधानिक संकट समाधान गरी बैशाखमा निर्वाचन गराउनुपर्ने उनको भनाई थियो । प्रतिपक्षी दलहरुले चाहिं आन्दोलन गर्ने चेतावनी दिएका बेला मंसिर २८ गते प्रधानमन्त्री बाबुराम भट्टराईले बैशाखमा संविधानसभा निर्वाचन गर्ने सुनिश्चिता भए मात्र पद छोडने सन्देश प्रवाह गरे । पार्टीको निर्णयलाई नै सहयोग पुग्ने गरी उनले भने-'दलहरुको सहमतिमा प्रधानमन्त्री बन्नुपर्छ । दलहरुको हातबाट बाहिर गए पूर्व राजाको हातमा पुग्छ ।'[17] यसपछि काँग्रेस सरकारको नेतृत्व पाउनेमा अलि बढी विश्वस्त भयो । तर, त्यसपछि पनि दलहरुबीच सहमति भएन र प्रधानमन्त्रीले भने झैं बैशाखमा निर्वाचन हुने सुनिश्चिता पनि भएन । सत्ता छोडदा आफु 'कर्नर'मा पर्ने भय माओवादीमा देखियो भने कांग्रेस नेताहरु माओवादीले राखेको शर्तअनुसार संविधानका अन्तरवस्तुमा सहमति गर्न तयार भएनन् । सरकार प्राप्तिका लाीग पार्टीको सिद्धान्त र नीति विपरित कसैसँग सम्झौता नगर्ने सभापति कोइरालाको भनाई रह्यो ।[18] काँग्रेस-एमाले र माओवादी-मधेशी मोर्चावीच आरोप प्रत्यारोप चलिरहेका वेला राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले ठूला दलहरु अधिनायकवादतर्फ उन्मुख भएको बताए । उनको आरोप थियो-'माओवादी सत्ता कब्जा र अन्य दलले राष्ट्रपति यादवलाई उचालेर मुलुकमा अधिनायकवाद लादन खोजका छन् ।'[19] उनले राजनीतिक

[13] बालकृष्ण अधिकारी । प्रधानमन्त्रीको कुर्सीसँग संविधान साटदैनौ, पृष्ठ १ । मंसिर २५, २०६९ ।

[14] कान्तिपुर टेलिभिजन, मंसिर २४, २०६९ ।

[15] नेत्र पन्थी । गैरदलिय सरकार बनाउने प्रयास । नयाँपत्रिका, पृष्ठ १ । मंसिर २७, २०६९ ।

[16] परिस्थिति गम्भीर । नयाँपत्रिका, पृष्ठ १ । मंसिर २७, २०६९ ।

[17] गंगा बिसी । बैशाखमा चुनाव भए छाडछु, प्रधानमन्त्री । कान्तिपुर दैनिक, पृष्ठ १ । मंसिर २९, २०६९ ।

[18] कान्तिपुर टेलिभिजन । मंसिर २९, २०६९ ।

[19] कान्तिपुर टेलिभिजन । मंसिर २९, २०६९ ।

संकटबाट निकास दिन भन्दै न्यायाधीशको नेतृत्वमा सरकार गठन गरी बैशाखमा चुनाव गराउनुपर्नेमा जोड दिए । तर, उनको यो प्रस्तावलाई अन्य दलहरूले भने वास्ता गरेनन् ।

राजनीतिक अन्योल जारी रहेका बेला मंसिर ३० गते माओवादी केन्द्रीय पदाधिकारीको विस्तारित बैठक बस्यो । पहिलेभन्दा यो बैठकले माओवादी केही लचिलो भएको संकेत गर्‍यो । बैठकले भन्यो 'बैशाखभित्र संविधानसभाको निर्वाचन गर्ने गरी निर्वाचनका आधारभुत विषयमा सहमति भए सरकार परिवर्तन गर्न सकिन्छ ।' त्यसका लागि निर्वाचन सम्बन्धी आवश्यक कानून संशोधन, निर्वाचन क्षेत्र, समानुपातिकको संख्या लगायतमा सहमति हुनुपर्ने माओवादीको भनाइ रह्यो । राष्टिय सहमतिको सरकार गठन नभएसम्म चुनाव हुन नसक्ने निष्कर्षमा रहेको माओवादीले भट्टराई सरकारमा आउन अरु दलहरुलाई आग्रह गर्‍यो । र, विवादित विषयमा सहमति गरेपछि सरकारमा काँग्रेसको नेतृत्व स्वीकार गर्न सकिने निष्कर्ष निकाल्यो ।

यसबीचमा माओवादी अध्यक्ष दाहाल, काँग्रेस सभापति कोइराला र एमाले अध्यक्ष खनालबीच कयौं पटक वार्ता भएपनि प्रगति भएन । माओवादी सरकारको नेतृत्व छाडन तयार नभएपछि एमाले अध्यक्ष माओवादीविरुद्ध उत्रिए । उनले भने-'जिद्दि गरेर बसिरहे माओवादीको हालत पनि यस अघिका तानाशाहको जस्तै हुन्छ ।' यता काँग्रेस सभापति कोइरालाले पनि 'धोखाको राजनीति नछोडे माओवादी आफै समाप्त हुने' चेतावनी दिए ।

नेताहरुले चार दलबीच पुस २ गते सम्झौता हुने र मुलुकले निकास पाउने बताएका थिए । दलहरुबीच अनौपचारिक वार्ता भएका बेला माओवादी प्रवक्ता अग्नी सापकोटाले पनि छलफल सहमतितर्फ गएको बताए । माओवादी अध्यक्ष दाहाल, एमालेका वरिष्ठ नेता नेपाल र काँग्रेसका महामन्त्री सिटौला सहमति हुनेमा विश्वस्त थिए । तर, पुस २ गते प्रधानमन्त्री भट्टराईले केही समयका लागि यही सरकारलाई सहमतिको स्वरुप दिएर मात्र चुनावी सरकार काँग्रेसलाई दिन सकिने नयाँ प्रस्ताव अघि सारे । उनले माओवादी अध्यक्ष दाहाल र एमालेका वरिष्ठ नेता नेपालसँगको भेटमा बैशाखमा संविधानसभा निर्वाचन सुनिश्चित हुनुपर्ने, शान्ति प्रक्रियाको टुंगो लगाउने, आयोगहरु गठन गर्ने, संवैधानिक निकायमा नियुक्ति हुनुपर्ने, निर्वाचन सम्बन्धी ऐन संशोधनमा सहमति हुनुपर्ने प्रस्ताव गरे । यस्तै काँग्रेसको नेतृत्वमा सहमति नजुटे मधेशी मोर्चा वा साना दलको नेतृत्वमा चुनावी सरकार गठन हुनुपर्ने प्रस्ताव पनि उनले अघि सारे ।[20]

त्यसपछि सहमतिको राजनीति एकाएक अर्कातर्फ मोडियो । प्रधानमन्त्री भट्टराईले वर्तमान सरकारलाई सहमतीय स्वरुप दिएर केही प्रमुख काम भएपछि मात्र काँग्रेस सभापति सुशील कोइरालाको नेतृत्वमा नयाँ सरकार गठन गर्नुपर्ने अडान राखेपछि बन्न लागको राजनीतिक सहमति पनि अवरुद्ध भयो ।[21] त्यसपछि काँग्रेसको पदाधिकारी र केही केन्द्रीय सदस्य सहभागी बैठकले प्रधानमन्त्री बाबुराम भट्टराईको प्रस्तावले सहमतिको वातावरण बिथोलिएको निष्कर्ष निकाल्यो । कोइराला र दाहालबीच कोइरालाको नेतृत्वमा बैशाखमा चुनाव गराउन आवश्यक कानून अध्यादेशबाट ल्याउने, निर्वाचन आयोगलाई पूर्णता दिने, संविधानसभामा प्रत्यक्षतर्फ २ सय ४० सीट कायम गर्ने सहमति भएको काँग्रेस नेताहरुको दाबी छ । सोही दिन नै संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको बैठकले आफ्नो सहमति विना

[20] कान्तिपुर टेलिभिजन, पुस २ ।

[21] चिरञ्जीवी ढुंगाना । चौथो म्याद पनि व्यार्थै । अन्नपूर्ण पोष्ट, पृष्ठ १ । पुस ४, २०६९ ।

हुने कुनै पनि निर्णयलाई राष्ट्रिय सहमतिका रुपमा स्वीकार नगर्ने निर्णय गऱ्यो । काँग्रेसप्रति लक्षित गर्दै पहिचान सहितको संघीयता, समावेशीकणजस्ता परस्पर विरोधी रहेका दल तथा नेताको नेतृत्व आफूलाई मान्य नहुने मोर्चाले बतायो । त्यस अतिरिक्त २०६४ सालमा भएको आठ बुँदे र माओवादीसँग भएको चार बुँदे सहमतिको विरोध गर्नेको नेतृत्व स्वीकार नगर्ने मोर्चाले निर्णय गऱ्यो । माओवादीसँग भएको चार बुँदे सहमतिको काँग्रेस र एमालेले विरोध गर्दै आएका थिए । पुस ४ गते एमालेका वरिष्ठ नेता  नेपालले प्रधानमन्त्रीको हठ र जिद्दिका कारण हुन लागेको सहमति बिग्रिएको आरोप लगाए । उनले सरकारमा आउन आग्रह गर्ने प्रधानमन्त्रीको आग्रहलाई हाँस्यापद भनी टिप्पणी गरे । प्रतिपक्षी दलहरुले सत्तामा आउन अस्वीकार गरेपनि माओवादी अध्यक्ष दाहालले विपक्षीहरुलाई केही समय भएपनि सत्तामा आउन आग्रह गरे । 'एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले विपक्षी दललाई एक दिनका लागि भएपनि बाबुराम भट्टराईको नेतृत्वमा सरकारमा सहभागी भइ सहमतिको शुरुवात गर्न प्रस्ताव गरेका छन ।'[22]

## माओवादीमा विवाद

एकीकृत माओवादी अध्यक्ष दाहाल सहमतिका आधारमा काँग्रेसलाई नेतृत्व दिने पक्षमा देखिए । भट्टराइ त्यसको विपक्षमा । पार्टीभित्र अध्यक्ष दाहालसँग मतभेद बढेपछि प्रधानमन्त्री तथा उपप्रधानमन्त्री भट्टराई पुस ४ गतेको पदाधिकारीको बैठकमा अनुपस्थित भए । एकीकृत नेकपा माओवादीद्वारा बुधबार दिउँसो आयोजित ब्यूरो प्रमुख सहितको पदाधिकारी बैठक प्रधानमन्त्री डा बाबुराम भट्टराईले बहिस्कार गर्नु भएको छ ।[23] भट्टराई अनुपस्थित भएको बैठकले सहमतिको आधारमा सरकार गठन गर्ने कुरालाई प्राथमिकता दिने निर्णय गऱ्यो । दाहाल संविधानसभाले गरेका कामको स्वामित्व लिने गरी सरकार बनाउन तयार थिए । 'एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले संविधान निर्माणबारे विगतका सहमतिको स्वामित्व लिइ बैशाखमा चुनाव गर्न सहमत भए उसकै ( काँग्रेस) नेतृत्वमा नयाँ सरकार गठन गर्न गाह्रो नहुने बताएका छन ।'[24]

भट्टराई भने सहमति भएर आफ्नो सरकारमा काँग्रेस र एमाले आउने र त्यसले निर्वाचनको मिति घोषणा गरेर मात्र सरकार छोडनुपर्छ भन्ने पक्षमा रहे । त्यसपछि प्रधानमन्त्री भट्टराईले सत्तारुढ दलको गठबन्धनलाई सक्रिय पारे । माओवादी नेतृत्व सरकार छोडन तयार भएका बेला पुस ४ गते बसेको संघीय लोकतान्त्रिक गणतान्त्रिक गठबन्धनको बैठकले बर्तमान सरकारलाई नै सहमतिको सरकारको स्वरुप दिने निर्णय गऱ्यो । त्यसमा सहमति नभए गठबन्धनबाट विकल्प खोज्ने निर्णय पनि गऱ्यो । जसमा माओवादी अध्यक्ष दाहाल पनि सहभागी थिए । प्रधानमन्त्रीले सहमतिका लागि आफू बाधक नभएको जिकिर गरे । प्रधानमन्त्रीले आफूले नयाँ शर्त नराखेको भन्दै सत्तारुढ गठबन्धन र पार्टीको निर्णय अनुसार आफू अघि बढेको दाबी गरे । 'हाम्रो पार्टीले आलोकाँचो निर्णय गर्दैन । मैले पद त्याग गर्न नचाहेको भन्ने सही होइन । मुख्य कुरा के हो भने निर्वाचित सरकारको टेको मैले धान्दै आएको छु । छाडिदिँदा झन समग्र प्रक्रिया भत्किने र संवैधानिक शुन्यताको खतरा रहन्छ । चुनाव  सुनिश्चित

[22] गंगा बिसी । एक दिन भएपनि सरकारमा आइदिनुहोस । कान्तिपुर दैनिक, पृष्ठ १ । पुस ११, २०६९ ।

[23] **Retrieved December 29, 2012, from http://www.onlinekhabar.com/2012/12/22369/**

[24] गंगा बिसी । काँग्रेस नेतृत्व मान्न गाह्रो हुन्न । कान्तिपुर दैनिक, पृष्ठ १ । पुस ४, २०६९ ।

नभइकन बीचमा छोडदा झन समस्या आउने भएकाले त्यही आधारमा मात्र औपचारिक ढंगले राजीनामा नदिएको हुँ ।'[25]

भट्टराईले संविधानसभाको मिति घोषणा, बाधा अडकाउ फुकाउ, संवैधानिक निकायमा नियुक्ति, शान्ति प्रक्रियाको टुंगो लगाई सहमतिको सरकार बनाउन प्याकेजमा नै सहमति हुनुपर्ने निर्णय पार्टी र गठबन्धनमा भएको जिकिर गरे । त्यतिमात्र नभइ आफूले पद छोडे संवैधानिक कडी समेत टुटने र मुलुक संवैधानिक संकटमा फस्ने चेतावनी दिए । बरु उनले आफूले मंसिर ७ गते राजीनामा दिन खोज्दा अध्यक्ष दाहालले रोकेको बताए । उता, अध्यक्ष दाहालले पनि भटटराईले राजीनामा दिन नमानेको बताए । तीन दलबीच अधिकांश विषयमा करिव करिव सहमति भइसक्दा पनि बाबुरामजीलाई राजीनामा गराउन सकिन । एमालेले पनि उहाँलाई मनाउन पहल गर्नुपऱ्यो ।[26] यसले गर्दा माओवादीभित्र विवाद चर्कियो । पार्टीको बैठक बसेर प्रधानमन्त्रीलाई समेत फिर्ता बोलाउन सक्ने भन्दै अध्यक्ष दाहाल पक्षले सरकार परिवर्तनमा जोड दियो ।

पुस ६ गते माओवादी पदाधिकारीको विस्तारित बैठकमा दाहालले विषम परिस्थित भएकाले छिटटै सहमतिको सरकार गठन गर्नुपर्ने भन्दै सहमतिमा जोड दिए । प्रधानमन्त्रीले केही समय काँग्रेस र एमाले आफ्नो सरकारमा आउनुपर्ने अडान राखे । यता त्यहीवेला संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले बैशाखमा नै संविधानसभा निर्वाचन हुनुपर्ने सुनिश्चितासहित प्याकेजमा सहमति हुनुपर्नेमा जोड दियो । पार्टीभित्र विवाद जारी रहेका बेला प्रधानमन्त्रीले संविधान नचाहने तत्वले बैशाखमा निर्वाचन हुन नदिन षडयन्त्र गरेको बताए । तर, आफूले भने निर्वाचन गराएरै छोडने दृढता व्यक्त गरे । एकीकृत नेकपा माओवादीको बैठकले वैशाखमा निर्वाचन गर्नका लागि सबै विकल्प खुल्ला गर्ने निर्णय गऱ्यो । संविधानसभाको चुनाव गर्न ढिला भए चलखेल बढने भन्दै प्याकेजमा सहमति गरेर जसको नेतृत्वमा सहमति हुन्छ, त्यसमै जुटाउने पनि निर्णय गऱ्यो । राजनीतिक मुद्दा मुख्य भएकाले सरकारबारे लचिलो हुने निष्कर्ष निकाल्यो । तैपनि माओवादीले वर्तमान सरकारले नै संविधानसभा निर्वाचनका लागि आवश्यक कानून र संविधान संशोधन गर्ने, संवैधानिक नियुक्ति टुंग्याउने, चुनावको मिति घोषणा गर्ने र संविधान निर्माणका मुद्दामा दलहरुबीच सहमति हुनुपर्नेमा जोड दियो । सरकारको बार्हिगमन भने सम्मानजनक हुनुपर्ने बैठकको निर्णय थियो ।

तर, बाबुरामले सत्ता छोडेनन । उनलाई स्वदेशमा मोर्चा  र संघीय लोकतान्त्रिक गठन्धनले गतिलो साथ दियो भने अन्तराष्ट्रिय समुदायको पनि सदभाव थियो । एमाले उपाध्यक्ष बामदेव गौतमका अनुसार भट्टराईले भन्ने गरेका छन-दक्षिणी छिमिकी भारतीयको सदभाव, सत्तारुढ मधेशी मोर्चाको समर्थन, नेपाली सेनाको विश्वास र पार्टीका पुराना निर्णय मेरा शक्तिका प्रमुख स्रोत हुन । यस्तो अनुकुल अवस्थामा मैले किन छोडने ?[27] सरकार परिवर्तनका लागि तीन दलबीच सहमति नभएका बेला संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले नयाँ प्रस्ताव ल्यायो । पुस ७ गते ल्याएको नौ बुँदे प्रस्तावमा भट्टराई नेतृत्वको सरकारलाई नै सहमतिको रुप दिने नभए गठबन्धन भित्रबाटै नेतृत्व खोज्ने, विघटित संविधानसभामा सहमति भइसकेका विषयलाई नयाँ संविधानसभामा निर्णयार्थ पेश गर्ने, विवादित

---

[25] पार्टीले फिर्ता बोलाउँदैन । कान्तिपुर दैनिक, पृष्ठ १ । पुस ६, २०६९ ।

[26] चिरञ्जीवी ढुंगाना । राष्ट्रपति भारत जानु अघि सहमति । अन्नपूर्ण पोष्ठ, पृष्ठ १ । अन्नपूर्ण पोष्ट । पुस ६, २०६९ ।

[27] सरोजराज अधिकारी । भट्टराईका शक्ति । कान्तिपुर दैनिक, पृष्ठ १ । पुस ७, २०६९ ।

विषयलाई छलफलका लागि पेश गर्ने, निर्वाचन समयमा सहमति नभए प्रधानमन्त्री स्वत पदमुक्त हुने लगायतका थिए ।[28]

पुस ८ गते सरकार परिवर्तन गर्ने कि नगर्ने भन्नेमा संघीय लोकतान्त्रिक गठबन्धनमा विवाद भयो । माओवादी अध्यक्ष दाहालले प्याकेजमा सहमति जुटे सरकार परिवर्तन गर्ने प्रस्ताव राखे । तर, त्यसपछि मोर्चा र साना राजनीतिक दलका नेताहरुले आपत्ति जनाए । उनीहरुको भनाइ थियो, भट्टराईको विकल्प खोज्नु हुँदैन । खोज्ने नै हो भनेपनि त्यसको विकल्प  गठबन्धनबाट हुनुपर्छ ।' मुलुकलाई निकास दिन लचिलो हुन आवश्यक भएको दाहालको भनाइप्रति पनि गठबन्धनका अन्य दलहरु सन्तुष्ट हुन सकेनन् । सत्तारुढ गठबन्धनको समर्थन पाएपछि प्रधानमन्त्री भट्टराईले सत्ता छोडने कुरामा अलि कठोर भए । उनले वर्तमान सरकारलाई नै राष्ट्रिय सहमतिको स्वरुप दिनुको विकल्प नभएको बताए । पुस मसान्तसम्म सहमति नभए प्राप्त उपलब्धी गुम्न सक्ने भन्दै प्रधानमन्त्रीले आफ्ना सरकारलाई बहिस्कार गरेर बाधक भएकोमा विपक्षीहरुको कटाक्ष गरे । पुस ८ गते ललितपुरमा आयोजित कार्यक्रममा भट्टराईले आफनो नेतृत्वलाई निषेध गर्ने हो भने आफूले पनि त्यसै गर्ने चेतावनी दिए-'निषेधको राजनीति गर्नेसँग म पनि त्यहीँ गर्छु ।'[29]

प्रधानमन्त्रीले साना दल र स्वतन्त्र व्यक्तिको नेतृत्वमा सरकार बनाएर निर्वाचनमा जान विपक्षीहरुलाई चूनौती दिए । त्यसलाई थप बल पुऱ्यायो-संघीय लोकतान्त्रिक गठबन्धनको बैठकले । गठबन्धनको बैठकमा नेताहरुले सहमति संयोजक दाहालमाथि पनि प्रश्न उठाए । 'सत्तारुढ गठबन्धनका संयोजक पुष्पकमल दाहालले दायरा फराकिलो बनाएर सहमति खोज्नुपर्ने धारणा राखेपछि मोर्चाका नेता विजयकुमार गच्छदार लगायतले आपत्ति जनाएका थिए । प्रधानमन्त्री भट्टराइकै सरकारलाई निरन्तरता दिनुपर्ने भन्दै गठबन्धनका नेताहरुले दाहालमाथि दबाब सिर्जना गरे ।[30] त्यसपछि  दाहालको निर्णय कार्यान्वयन गर्ने क्षमतामा समेत प्रश्न उठ्यो । 'प्रधानमन्त्री बाबुराम भट्टराईका असहमतिका कारण एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल सरकारबारे निर्णय गर्न अप्ठायारोमा परेका छन ।  निर्वाचनका सबै प्रक्रिया लगायत विषयमा सहमति भए सरकारको नेतृत्व छोडने लचिलो निर्णय गरेपनि भट्टराईको बाधाका कारण उनले (दाहाल) कार्यान्वयन गर्न सकेका छैनन ।'[31] त्यतिमात्र होइन, मोर्चाका कारण पनि दाहाललाई समस्या परेको हो । पार्टीभित्र शक्तिशाली हुँदा हुँदै पनि राजनीतिक निकास दिन उनी (दाहाल) भट्टराई सामू निरिह देखिएका छन् । सेना बाह्य शक्ति र मधेशी मोर्चाको साथ भट्टराईले पाएपछि दाहाल निर्णयहिन अवस्थामा पुगेका हुन् ।[32]

त्यसपछि भट्टराईले संविधानसभा विघटन भएको अवस्थामा वर्तमान सरकारले नै निर्वाचन गराउने अन्तराष्ट्रिय प्रचलन रहेको दाबी गरे । आफूविरुद्ध जस्तो सुकै षडयन्त्र भएपनि सरकार नढल्ने दाबी गर्दै सरकारमा आउन दलहरुलाई आग्रह गरे । तर, त्यति नै बेला काँग्रेस नेता देउवा र पौडलले काँग्रेस सरकारमा आउने सपना नदेख्न प्रधानमन्त्रीलाई चेतावनी दिए । काँग्रेसका क्षेत्रिय उपसभापतिको भेलाले पनि पार्टीको नेतृत्वमा सहमतिय सरकार गठन गरी निर्वाचनमा जानुपर्ने प्रस्ताव पारित गऱ्यो ।

---

[28] प्याकेज सहमतिका लागि संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको प्रस्ताव । पुस ७, २०६९ ।

[29] बालकुमार नेपाल । निशेष गर्नेलाई जस्ताको तस्तै । अन्नपूर्ण पोष्ट, पृष्ठ १ । पुस ९, २०१२ ।

[30] गंगा बिसी । दाहाल एकातिर गठबन्धन अर्कातिर । कान्तिपुर दैनिक, पृष्ठ १ । पुस ९, २०६९ ।

[31] सहमतिमा लचिला दाहाल आफै अप्ठायारामा । कान्तिपुर दैनिक, पृष्ठ १ । पुस १०, २०६९ ।

[32] गंगा बिसी । माओवादी एजेण्डा निरन्तर फेरबदल । कान्तिपुर दैनिक, पृष्ठ १ । पुस १४, २०६९ ।

दलहरुबीच सहमति नभएपछि बैशाखमा संविधानसभाको निर्वाचन हुने सम्भावना क्षीण बन्यो । निर्वाचन आयोगले निर्वाचनका लागि कम्तिमा एक सय २० दिन हुनुपर्ने, मिति निर्धारण हुनुपर्ने, आयोगमा नियुक्ति हुनुपर्ने र संविधान संशोधन हुनुपर्ने तर्क गऱ्यो । दलहरुबीच तत्काल सहमति भएपनि जेठमा मात्र निर्वाचन हुन सक्ने निर्वाचन आयोगको भनाई थियो ।

पुस १० गते बसेको संघीय लोकतान्त्रिक गणतान्त्रिकको सचिवालयको बैठकले संविधानसभा पुर्नस्थापना गरेर राजनीतिक गतिरोध अन्त्य गर्नुपर्ने निष्कर्ष निकाल्यो । सहमति भइसकेका विषयलाई संविधानका रुपमा जारी गर्ने वा त्यसो नभए संविधान संशोधनका लागि संविधानसभा पुनर्स्थापना गर्नुपर्ने सचिवालयको निष्कर्ष रह्यो । त्यस अतिरिक्त भट्टराईको नेतृत्वमा सरकार गठन गर्नुपर्ने नभए स्वतन्त्र व्यक्तिलाई अघि सार्नुपर्नेमा पनि बैठकले जोड दियो । गठबन्धनबाट राम्रो समर्थन भएपनि विपक्ष र सञ्चार माध्यमले भने भटट्राईलाई दबाब दिए । *कान्तिपुर* दैनिकले विशेष सम्पादकीय लेख्यो, 'एमाओवादीको सशर्त सही, काँग्रेस सभापति सुशील कोइरालालाई सरकार प्रमुख मान्ने जुन बाटो समातेको थियो, समग्र परिस्थितिको परिप्रक्ष्यमा उपयुक्त निकास त्यही हो । सत्तारुढ गठबन्धन एवं माओवादी पार्टीका अध्यक्ष पुष्प भकमल दाहाल पार्टीभित्र र बाहिर सन्तुलन राख्ने नाममा अब दोहारमा अलमलिन हुन्न । प्रधानमन्त्री भटटराईले पनि आफू बाधक नरहेको र त्याग गर्न तयार रहेको बोलिमात्र निकाल्ने होइन । जेठभित्र चुनाव हुनुपर्ने राष्ट्रिय जिम्मेवारी बोध गर्दै साच्चै पद त्याग गरेर सत्ता हस्तान्तरण गर्नुपर्छ ।'[33]

सोही दिन पुस १२ गते बसेको गठबन्धनको बैठकले भट्टराईको नेतृत्वमा सहमतीय सरकार निर्माण गरेर संविधानसभाको निर्वाचनमा जाने, यसमा सहमति नभए गणतन्त्रभित्रकै नेतालाई अघि सार्ने, संविधानका विवादित विषयमा यस अघि भएका सहमतिका प्रतिवद्धतासहित बैशाखभित्र निर्वाचन हुने सुनिश्चिता भए अन्य राजनीतिक दल वा स्वतन्त्र व्यक्तिको नेतृत्वमा सरकार बनाउने र तीन विकल्पमा पनि सहमति नभए संविधानसभा पुनर्स्थापना गरेर सहमति खोज्नुपर्ने निर्णय गऱ्यो । पुसको तेस्रो सातासम्म सहमति हुन नसके बैशाखमा निर्वाचन हुन नसक्ने भन्दै गठबन्धनले संविधानसभा पुनर्स्थापनामा जोड दिने निर्णय गरेको हो । पुस २५ गते निर्वाचन आयोग खाली हुने भएकाले सहमतिका लागि सबै विकल्प खुल्ला राख्ने पनि गठबन्धनको निर्णय रह्यो । जति गर्दा पनि प्रधानमन्त्री पद हात नपरेपछि सुशील कोइरालाले माओवादी र एमालेको दबाबका कारण आफूले उम्मेदवारी दिएको भन्दै प्रधानमन्त्रीका लागि आफू लालयित नभएको जिकिर गरे । उनले भने, 'म घुँडा टेकेर प्रधानमन्त्री बन्दिन । पार्टीको शीर निहुरिने र सिद्धान्तमा आधात पुग्नेगरी कुनै सम्झौता गरी मलाइ त्यो पद चाहिदैन ।'[34] विभिन्न बाहना फालेर काँग्रेसलाई माओवादीले कमजोर बनाउन लागेको उनको आरोप थियो । पुनर्स्थापनाको कुरा गरेर बखेडा झिकेको कोइरालाको आक्षेप थियो ।

दलहरुबीच भएका वार्तामा प्रगति नभएपछि एमाले नेता नेपालले बैशाखमा निर्वाचन हुने सम्भावना टर्दै गएको बताए । काँग्रेस र एमालेको आरोप थियो-'माओवादीले सत्ता नछोडदा समस्या आएको हो ।' उता प्रधानमन्त्रीले पनि दलहरुबीच सहमति नभै आफूले सत्ता नछोडन स्पष्ट पारे । प्रधानमन्त्री काँग्रेसको नेतृत्वका लागि बाटो खुल्ला गर्न अलि कठोर देखिए । र, भने-'काँग्रेसका कारण संविधानसभा विघटन भएको हो । उसले सरकार लिए कुनैपनि हालतमा निर्वाचन गराउदैन । मेरो एकमात्र मिसन चुनाव हो ।

[33] चुनाव गर्न सत्ता छाड । विशेष सम्पादकीय । कान्तिपुर दैनिक, पृष्ठ १ । पुस १२, २०६९ ।

[34] घुडा टेकेर प्रधानमन्त्री हुन्न । अन्नपूर्ण पोष्ट, पृष्ठ १ । पुस ११, २०६९ ।

अग्रगामी शक्तिले मात्र निर्वाचन गराउन सक्ने भएकाले उसैलाई सरकार सुम्पन तयार छु ।'[35] संविधानसभा पुनर्स्थापनाको कुरा अघि सार्नुको कारणबारे जानकारी दिँदै उनले भने-'सहमति पनि नहुने र चुनाव पनि नहुने स्थिति आएपछि संविधानसभा पुनर्स्थापनाको कुरा उठेको हो ।'[36]

### दलिय असफलतामा राष्ट्रपतिको चिन्ता

राष्ट्रपतिको आग्रह अनुसार सहमतिमा प्रधानमन्त्रीको नाम दिन राजनीतिक दलहरु असफल रहे । यसबीचमा राष्ट्रपतिले राजनीतिक दलका नेताहरुसँग दुई पक्षीय तथा वहुपक्षीय वार्ता गरे । उनले सहमतिका लागि छलफल तथा भेटवार्ता र सार्वजनिक समारोहबाट समेत दबाब दिए । अन्तरिम संविधानको धारा ३८ (१) अनुसार अघि बढेको र त्यसभन्दा न त अघि न त पछि हटने अवस्थामा रहेका राष्ट्रपतिले राजनीतिक दलका नेताहरुको आग्रहअनुसार म्याद थप गरिरहे । मंसिर २२ गतेदेखि २७ गतेसम्म, २८ गतेदेखि पुस २ गतेसम्म, पुस ३ गतेदेखि ७ गतेसम्म, पुस ८ गतेदेखि १४ गतेसम्म राष्ट्रपतिले म्याद थपे ।[37]

राष्ट्रपति यादवले वर्तमान सरकारलाई राष्ट्रिय सहमतिको स्वरूप दिन वा नयाँका लागि वातावरण बनाउन दलहरुलाई आग्रह गर्दै राष्ट्रपतिले भने, 'दललाई मिलाउन नसके म पनि फेल हुन्छु । त्यसैले दलहरु मिल्नेमा आशावादी छु ।[38] उनले सहमति नभएमा जनआन्दोलनबाट प्राप्त उपलब्धी रक्षा गर्न नसक्ने र देशी तथा विदेशी चलखेल बढन सक्ने पनि अभिव्यक्ति दिए । राष्ट्रपतिले सहमति गर्न नसके राम्रो हुन नसक्ने भन्दै राजनीतिक दलहरुलाई सचेत गरे । त्यतिमात्र होइन, आफू भारत जानुभन्दा अघि नै सहमति गर्न पनि उनले दलहरुलाई आग्रह गरे । तर, दलहरुले सहमति गर्न सकेनन । तीन दलले भने त्यसका लागि मोर्चा र प्रधानमन्त्री बाधक भएको आरोप लगाए । 'एमाओवादी अध्यक्ष प्रचण्ड, काँग्रेस सभापति कोइराला र एमाले अध्यक्ष खनालले राष्ट्रपति यादवलाई बुधवार राती भेटेर तीन दलबीच सहमति भइसकेपनि मोर्चा र प्रधानमन्त्री बाधक बनेको जनाउ दिएका थिए ।[39]

राष्ट्रपतिले दलहरुको आग्रह अनुसार भन्दै राजनैतिक सहमति कायम गरी प्रधानमन्त्रीको चयन र मन्त्रिपरिषद्को गठन गर्नका लागि राजनैतिक सहमतिका लागि पुस २० गतेसम्मको समय दिए । पटक पटक समय थप्ने तर त्यसबाट सार्थक परिणाम नआएपछि राष्ट्रपतिको पहलप्रति नै प्रश्न उठन थाल्यो । नेकपा माओवादीका अध्यक्ष मोहन बैद्यले असफल राजनीतिक दलहरुलाई बारम्बार समय दिएर राष्ट्रपतिले गल्ती गरेको आरोप लगाए । दलहरुबीच सहमति हुन नसक्दा राष्ट्रपतिलाई थप नयाँ कदम चाल्न दबाब दिँदै आएका काँग्रेसका नेताहरु पनि राष्ट्रपतिको भूमिकाप्रति असन्तुष्टि व्यक्त गरे । 'संविधानसभा विघटन भएको चार महिना वितिसक्दा पनि सहमति कायम गराउन नसकेको कारण राष्ट्रपति पनि असफल बन्दै गएका छन्, काँग्रेस उपसभापति रामचन्द्र पौडेलले भने 'अब ढिला गर्न हुन्न । राष्ट्रपतिले तत्काल ठोस कदम चाल्नुपर्छ ।'[40]

---

[35] गंगा बिसी । काँग्रेसलाई सत्ता छाडदिन । कान्तिपुर दैनिक, पृष्ठ १ । पुस १६, २०६९ ।

[36] झन बढ्यो दुरी । अन्नपूर्ण पोष्ट, पृष्ठ १ । पुस १४, २०६९ ।

[37] **Retrieved December 25, 2012, from** http://presidentofnepal.gov.np/News/http://presidentofnepal.gov.np/Contents/2069-poush-2346;-2369;-2360;-.html

[38] सन्तोष पोखरेल । दललाई मिलाउन नसके म पनि फेल । नागरिक दैनिक, पृष्ठ १ । १७ मंसिर, २०६९ ।

[39] किरण पोखरेल । स्वतन्त्र व्यक्तिका लागि असहमति । अन्नपूर्ण पोष्ट, पृष्ठ १ । पुस ७, २०६९ ।

[40] म भारतबाट फर्किनु अघि निकास देउ-राष्ट्रपति । अन्नपूर्ण पोष्ट, पृष्ठ १ । पुस १०, २०६९ ।

## निष्कर्ष

विपक्षी गठबन्धनसँग एकीकृत नेकपा माओवादीका अध्यक्ष निकै चालखीपूर्ण रुपमा प्रस्तुत भए । सहमतिका लागि काँग्रेसलाई नेतृत्व दिन तयार जस्तो देखिएपनि उनी मूलत भटट्राई सरकारलाई नै सहमतिको सरकार बनाउन लागीपरेका थिए । त्यसमा सहमति नभएपछि केही समय भएपनि माओवादीको नेतृत्वमा सरकारमा सामेल हुन उनले काँग्रेस, एमाले लगायतका दलहरुलाई आग्रह गरे । जसलाई काँग्रेस र एमालेले ठाडै अस्वीकार गरेपछि दाहाल प्याकेजमा सहमति कायम गरी राष्ट्रिय सहमतिको सरकार बनाउने प्रयासमा लागे । स्वतन्त्र व्यक्तिको नेतृत्वमा राष्ट्रपतिले सरकार गठन गरे आफूहरुको भूमिका कमजोर हुने र मुलुकको राजनीति अर्कोतर्फ मोडिन सक्ने भन्दै उनी केही विषयमा सहमति गरी काँग्रेसलाई नेतृत्व दिन तयार पनि देखिए । त्यसपछि काँग्रेस र एमाले पनि सहमति हुनेमा विश्वस्त थिए भने उनीहरुले आफ्ना कुरा राष्ट्रपतिलाई समेत सुनाए । तर, जब भट्टराईले आफ्नो नेतृत्व अस्वीकार गर्दै आएका काँग्रेस र एमाले आफनो सरकारमा सहभागी नहुँदासम्म सत्ता छोडन अस्वीकार गरे, तीन दलका नेताहरुबीच हुने भनिएको सहमति लडखडायो । सत्तारुढ दलको गठबन्धन संघीय लोकतान्त्रिक गठबन्धन र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको अडानमा भट्टराई शक्तिशाली भए भने माओवादी अध्यक्ष दाहाल गठबन्धनभित्र आलोचित भए । यसले गर्दा पार्टीभित्र समेत उनको निर्णायक भूमिका नरहेको जस्ता देखिन पुग्यो ।

पार्टी, गठबन्धन, विपक्षी दल, सरकार र राष्ट्रपतिसँग वार्ता र संवादमा रहेका माओवादी अध्यक्ष दाहालले अल्मलाएर सत्ता लम्बाउन गरेको प्रयासलाई भने काँग्रेस र एमालेका नेताहरुले खासै बुझ्न सकेनन् । भट्टराईसँग दाहालको असहमति नभएको होइन, विपक्षीलाई अल्माउन र विभिन्न मुद्दाहरु लिएर अघि बढी सरकार र सडकमा पुग्नका लागि भट्टराई र दाहालको सम्बन्ध बिग्रिएको देखिनु एक हिसावले देखावटी जस्तो थियो । संघीय लोकतान्त्रिक गठबन्धन र मोर्चाले भट्टराईको विकल्प गठबन्धनभित्रैबाट हुनुपर्ने भनेपछि काँग्रेस र एमालेका नेताहरु सरकार र माओवादीविरुद्ध खनिन पुगे ।

राष्ट्रिय राजनीतिमा देखा परेको संकट अन्त्य गरी नयाँ निर्वाचनका लागि वातावरण तयार पार्न राष्ट्रपति यादव सक्रिय रहेपनि परिणाम भने शुन्य प्रायः भयो । राजनीतिक दलका नेताहरुलाई पटक पटक भेटेर छलफल गरेपनि त्यसबाट सार्थक परिणाम नआउँदा राष्ट्रपतिको छविमाथि नै प्रश्न उठन पुग्यो । सार्वजनिक समारोहमा उनले राजनीतिक दलबारे गरेको आलोचनाले न त दलहरुको गरिमा बढ्यो नत राष्ट्रपति स्वयकै । सहमति हुन नसक्दा बैशाखमा संविधानसभाको निर्वाचन गर्ने वातावरण त तयार भएन नै । मुलुकको राजनीतिक दिशा समेत प्रष्ट हुन सकेन ।

**तीन दलका आ-आफनै निर्णय**

| मिति | एकीकृत नेकपा माओवादी | नेपाली काँग्रेस | नेकपा एमाले | भेटघाट र छलफल |
|---|---|---|---|---|
| मंसिर १६ | | | सहमतिका लागि सरकार बाधक | |
| मंसिर १७ | म प्रधानमन्त्री हुने दौडमा छैन । र, केही दिनमै अहिलेको राजनीतिक अन्योलको अन्त्य हुन्छ- अध्यक्ष पुष्पकमल दाहाल | | भट्टराईको नेतृत्वमा सहमतीय सरकार असम्भव- अध्यक्ष झलनाथ खनाल | |
| मंसिर १८ | प्रधानन्त्री बाबुराम भट्टराईद्वारा सहमति जुटाएर प्रधानमन्त्री बन्न काँग्रेस सभापति सुशील कोइरालालाई आग्रह । त्यसका लागि आफू बाधक नबन्ने स्पष्ट ।<br><br>माओवादी अध्यक्ष दाहालद्वारा काँग्रेस सभापति कोइरालासँग भेट । वर्तमान सरकारमा आउन आग्रह । कोइरालाद्वारा अस्वीकार | माओवादी नेतृत्वमा सरकारमा काँग्रेस कदापी सहभागी नहुने र भट्टराईले राजीनामा दिनुपर्ने काँग्रेस सभापति सुशील कोइरालाको भनाइ ।<br><br>राष्ट्रिय सहमतिको सरकार आफ्नै दलको नेतृत्वमा हुनुपर्नेः पदाधिकारी बैठक । | | एकीकृत नेकपा माओवादी, काँग्रेस र एमालेको बैठक । वर्तमान सरकारमा आउन माओवादीले गरेको आग्रहलाई काँग्रेस र एमालेद्वारा अस्वीकार । |
| मंसिर १९ | परिवर्तनको एजेण्डा छाडेर दलहरुसँग सहमति हुन सक्दैन- अध्यक्ष दाहाल | | | माओवादी, काँग्रेस र एमालेको शिर्ष नेताको बैठक । प्रधानमन्त्रीको नाम तय गर्न माओवादीद्वारा काँग्रेसलाई आग्रह । |
| मंसिर २० | वैशाखमा निर्वाचन गराउनका लागि प्याकेजमा सहमति गर्न आवश्यक भएको निष्कर्षः पदाधिकारीको बैठक । | काँग्रेस पदाधिकारी र केन्द्रीय समितिको छुट्टा-छुट्टै बैठकद्धारा प्रधानमन्त्रीका लागि सुशील कोइलालाई अघि सार्ने निर्णय । | | माओवादी, काँग्रेस, एमाले र मधेशी मोर्चाको बैठक । काँग्रेसद्वारा प्रधानमन्त्रीमा सुशील कोइरालाको नाम प्रस्ताव । माओवादीद्वारा पाँच बुँदे शर्तसहितको प्रस्ताव पेश ।<br><br>माओवादीले चुनाव गराउन नचाहेको काँग्रेस र एमालेको आशंका । |
| मंसिर २१ | | | | माओवादी, काँग्रेस, एमाले र मोर्चाको नेताको बैठक । माओवादी र मोर्चाले संविधानका विवादित विषयमा सहमति जुटाउनुपर्ने र काँग्रेस र एमालेले पहिले सरकारमा सहमति गर्नुपर्नेमा जोड । |
| मंसिर २२ | सहमतिका लागि काँग्रेस र एमाले बाधक बने-माओवादी प्रवक्ता अग्नि सापकोटा ।<br><br>१२ बुँदे समझदारीबाट सहयात्री विचलित भए-माओवादी अध्यक्ष | माओवादीले लोकतन्त्रको लहर विपरित हिडेको र जनतासँग खेलबाड गरेको छ-सभापति कोइराला | | एकीकृत नेकपा माओवादीका अध्यक्ष दाहालद्वारा राष्ट्रपति यादवसँग भेट । सहमतिका लागि समय बढाउन आग्रह । |
| मंसिर २४ | | माओवादी बैशाखमा चुनाव नगराइ सत्ता लम्बाउने षडयन्त्रमा लागी राजनीतिक बेइमानी गरेको : केन्दीय समिति बैठक । | वर्तमान सरकारको नेतृत्वमा चुनाव जान अस्वीकार गर्ने निष्कर्षः स्थायी समिति । | |
| मंसिर २५ | दलहरुसँगको वार्ता छिट्टै सहमतिमा पुग्ने र निर्वाचनको तयारीमा लाग्ने प्रधानमन्त्री | | सरकारलाई आन्दोलनको बलबाट हटाउनुको विकल्प नभएको निष्कर्ष : केन्द्रीय | |

| | | | | |
|---|---|---|---|---|
| | बाबुराम भट्टराईको भनाइ । | | समितिको बैठक । | |
| मंसिर २६ | वैशाखमा संविधानसभा निर्वाचन गराउन अधिकतम लचकता अपनाउने निर्णय : विस्तारित केन्द्रीय कार्यालयको बैठक । | | | |
| मंसिर २७ | माओवादी अध्यक्ष पुष्पकमल दाहालद्वारा राष्ट्रपति यादवसँग भेट । छलफल र कुराकानी सकारात्मक भएको जानकारी । | | काँग्रेसको नेतृत्वमा सहमति सरकार नबने एमाले नै अघि बढनुपर्ने आवाज : एमाले केन्द्रीय समिति बैठकमा । | |
| मंसिर २८ | वैशाखमा संविधानसभाको निर्वाचन सुनिश्चत भए तत्काल पद छोडछु-प्रधानमन्त्री भट्टराई | | | माओवादी, काँग्रेस, एमाले र मोर्चाका नेताहरुद्वारा राष्ट्रपतिसँग भेट । सहमतिका लागि समय थप्न आग्रह । |
| मंसिर ३० | वैशाखभित्र संविधानसभाको निर्वाचनका लागि आधारभुत विषयमा प्याकेजमा सहमति भएमात्र सरकार परिवर्तन गर्न सकिने निष्कर्ष । वर्तमान सरकारमा आउन आउन काँग्रेस, एमालेलाई आग्रहः विस्तारित केन्द्रीय कार्यालयको बैठक ।<br><br>मलाई संविधान बनाउन पनि दिएनन । संविधानसभा बचाउन पनि दिएनन । र, चुनाव गराउन पनि दिएका छैनन-प्रधानमन्त्री भट्टराई | म घुडा टेकेर प्रधानमन्त्री बन्दिन । पार्टीको शीर निहुरिने र सिद्धान्तमा आधात पुग्ने गरी कुनै सम्झौता गरेर मलाई त्यो पद चाहिदैन-सभापति कोइराला । | जिद्दि गरेर सत्तामा बसे माओवादीको हालत राजसंस्थाको जस्तो हुन्छ-अध्यक्ष खनाल | |
| पुष १ | माओवादी अध्यक्ष दाहाल र राष्ट्रपति यादवबीच भेटवार्ता । मुलुक सहमतितर्फ गएको र भोलीपल्ट साँझसम्म सहमति हुने दाहालको भनाई ।<br><br>माओवादी अध्यक्ष दाहाल र एमालेका वरिष्ठ नेता माधबकुमार नेपालबीच भेट । सहमति जुटाउनका लागि लचिलो हुनुपर्नेमा जोड । | | | |
| पुस २ | | दाहाल र आफ्नो पार्टीबीचको समझदारी भट्टराईले अवस्वीकार गरेपछि सहमतिको वतावरण बिथोलिएको: पदाधिारीको बैठक । | | माओवादी अध्यक्ष दाहाल, एमालेका वरिष्ठ नेता नेपाल र काँग्रेस महामन्त्री सिटौलाबीच वार्ता । प्याकेजमा सहमति जुटाउनबारे छलफल ।<br><br>प्रधानमन्त्री भटट्राई र नेकपा एमाले नेता नेपालबीच वार्ता । केही समयका लागि भएपनि काँग्रेस र एमाले सरकारमा आउनुपर्ने प्रधानमन्त्रीको प्रस्ताव । माओवादी काँग्रेसको सहमति नजुटे साना दल वा स्वतन्त्रको नेतृत्वमा चुनावी सरकरा गठन हुनुपर्ने प्रधानमन्त्रीको भनाइ । |
| पुस ३ | दलहरुले प्रधामन्त्रीको मात्र बहस गरेकाले मुलुक अप्ठायारोमा पऱ्यो -प्रधानमन्त्री भट्टराई | | प्रधानमन्त्री भट्टराइको जिद्दिका कारण सहमति गठन हुन सकेन-वरिष्ठ नेता माधव नेपाल । | माओवादी, काँग्रेस, एमाले र मोर्चाका नेताद्वारा राष्ट्रपति यादवसँग भेट, सहमति हुन नसक्नुको कारणबारे जानकारी गराउँदै समय थप्न आग्रह । |
| पुस | सरकार छोडने/नछोडने विषयमा माओवादीमा विवाद । पदाधिकारी बैठकमा | | | माओवादी अध्यक्ष दाहाल, काँग्रेस सभापति कोइराला र एमाले अध्यक्ष खनालद्वारा राष्ट्रपति |

| | | | | |
|---|---|---|---|---|
| ४ | भट्टराई अनुपस्थित । सहमतिको सरकार गठन गर्न दलहरुबीचको छलफललाई तिव्र पार्ने निर्णय ।<br><br>प्रधानमन्त्री भट्टराईद्वारा राष्ट्रपति यादवसँग भेट । सहमतिका लागि आफू बाधक नभएको जिकिर । | | | यादवसँग भेट । सहमतिका लागि भएका पहल बारे जानकारी । छिट्टै सहमतिमा पुग्न राष्ट्रपतिको सुझाव । |
| पुस ५ | मैले कुनै नयाँ शर्त राखेको छैन । गठबन्धन र पार्टीको निर्णय अनुसार कुरा गरेको हुँ- प्रधानमन्त्री भट्टराई ।<br><br>बिषम परिस्थितिमा पार्टीले भन्दैमा सरकार छोडनुपर्छ भन्ने हुँदैन- टोपबहादुर रायमाझी<br><br>बाबुरामजीलाई राजीनामा गराउन मैले सकिन-अध्यक्ष दाहाल | | | एकीकत नेकपा माओवादी अध्यक्ष दाहाल, काँग्रेस सभापति कोइराला, एमाले अध्यक्ष खनाल र मोर्चाका नेता विजयकुमार गच्छदारद्वारा राष्ट्रपति यादवसँग भेट । राष्ट्रपति भारत भ्रमण जानुअघि सहमति गर्ने प्रतिबद्धता । |
| पुस ६ | संविधानसभा विरोधी तत्वहरुले बैशाखमा संविधानसभाको निर्वाचन हुन नदिन षडयन्त्र गरिरहेका छन-प्रधानमन्त्री भटट्राई । | | | |
| पुस ७ | सहमतिको सरकार गठनका लागि सबै विकल्प खुल्ला गर्ने निर्णय : पदाधिकारीको बिस्तारित बैठक । | राष्ट्रपति भारत भ्रमणमा जानु अघि नै मुलुकले निकास पाउनुपर्छ-सभापति कोइराला | | |
| पुस ८ | निर्वाचित सरकारलाई बहिष्कार गरेर सहमतिका लागि काँग्रेस, एमाले बाधक बनेका छन्, निषेधको राजनीति गर्नेलाई म पनि त्यही गर्छु -प्रधानमन्त्री भट्टराई ।<br><br>संविधानसभाको निर्वाचन गराएर मात्र सरकार छोडछु-प्रधानमन्त्री भट्टराई | | | माओवादी, काँग्रेस, एमाले र मोर्चाका नेताद्वारा राष्ट्रपति यादवसँग भेट । मतभेदका विषय कम हुँदै गएकाले छिट्टै सहमति हुने विश्वास । |
| पुस ९ | राष्ट्रपति यादव भारतबाट फर्किदासम्म सहमति भइसक्छ- अध्यक्ष दाहाल । | | | एमाले अध्यक्ष झलनाथ खनाल सहितका नेताहरुद्वारा निर्वाचन आयोगका पदाधिकारीसँग भेट । दलहरुबीच तत्काल सहमति हुने हो भने जेठमा मात्र निर्वाचन गर्न सहज हुने आयोग पदाधिकारीको भनाइ । |
| पुस १० | | प्रधानमन्त्रीको कुर्सी भन्दा सिद्धान्त र निष्ठा महत्वपूर्ण-सभापति कोइराला<br><br>काँग्रेस क्षत्रिय सभापतिहरुको भेलाबाट आफनै पार्टीको नेतृत्वमा सरकार गठन गरी चुनावमा जानुपर्ने प्रस्ताव पारित । | | |
| पुस १२ | | प्रधानमन्त्री बन्न म लालयित छैन, दलहरुको आग्रहमा प्रधानमन्त्री बन्न लागेको हुँ-सभापति | | |

| | | | | |
|---|---|---|---|---|
| | | कोइराला | | |
| पुस १३ | दलहरुबीच सहमति नभएसम्म सत्ता छोड्दिन-प्रधानमन्त्री भट्टराई । <br><br> मिडिया प्रयोग गरेर हुँदै नभएको सहमति भाँड्यो भन्नु बम्हाण्डकै भ्रुठ हो-प्रधानमन्त्री भट्टराई । | | माओवादीका कारण बैशाखमा संविधानसभाको निर्वाचन हुने सम्भावना टर्दैछ- वरिष्ठ नेता नेपाल । <br><br> संविधानसभा पुनर्स्थापना हुन सक्दैन-महासचिव ईश्वर पोखरेल | |
| पुस १५ | काँग्रेसका कारण संविधानसभा विघटन भएको हो । उसले सरकार लिए कुनै हालतमा चुनाव गराउँदैन-प्रधानमन्त्री भट्टराई । | | | एकीकृत नेकपा माओवादी, काँग्रेस, एमाले र मोर्चाका नेताहरुद्वारा राष्ट्रपतिसँग भेट । सहमतिका लागि थप समय दिन आग्रह । |